
के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १००% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क २२६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० भदौ ११ गते सोमबार ❑ 28 Aug. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## पोखरामा मिटरमा ट्याक्सी नचले तत्काल प्रहरीलाई खबर गर्न आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

सुन्दर नगरी पोखरामा मिटरमा ट्याक्सी नचलेमा तत्काल जिल्ला ट्राफिक कार्यालय कास्कीलाई खबर गर्न आग्रह गरिएको छ।

पोखरा उद्योग बाणिज्य संघले आईतवार पोखरामा आयोजना गरेको गण्डकी प्रदेशको राजधानी पोखराको सवारी व्यबस्थापनका चुनौती र समाधान विषयक अन्तरक्रिया कार्यक्रममा सरोकारवाला निकायले पोखरामा मिटरमा ट्याक्सी चल्न नमाले तत्काल प्रहरीलाई खबर गर्न आम उपभोक्ताहरु माझ यस्तो आग्रह गरिएको छ।

गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री रेशम बहादुर जुग्जालीले आम उपभोक्ता र व्यवसायीहरुको हितको लागि पोखरामा मिटरमा ट्याक्सी यही भदौं १ देखि लागु भएको उल्लेख गर्दै अब यसमा असोजबाट मिटरमा ट्याक्सी चल्न नमालेको खण्डमा १५ हजारसम्म जरीवाना गर्न निर्देशन दिनु भएको छ। अर्को महिना (असोज) देखि पोखरामा मिटरमा ट्याक्सी नचलेको भेटिएमा तत्काल यात्रुहरुले प्रहरीलाई खबर गर्न आग्रह गर्दै मन्त्री जुग्जालीले त्यस्ता ट्याक्सी चालकहरु माथि कारवाही स्वरुप अधिकतम १५ हजार जरीवाना गर्न निर्देशन दिनु भएको हो। अब पनि मिटरमा ट्याक्सी संचालन हुन नमाने यातायात सवारी ऐन अनुसार कारबाही हुने मन्त्री जुग्जालीले चेतावनी दिनु भएको हो। हाल मिटरमा ट्याक्सी नचलेको भेटिएको खण्डमा पहिलो एक महिना (भदौं) सम्म ट्राफिक नियम अनुसार कारबाही गर्न निर्देशन दिदै मन्त्री जुग्जालीले एप अर्न्तगत इनड्राइभमा चल्न मान्ने ट्याक्सी मिटरमा चल्न नमान्ने उपर अब कारबाहीले नै मिटरमा चल्ने अबस्था हुने उहाँको दाबी छ। उहाँले भन्नु भयो "इनड्राइभमा चल्न मान्ने ट्याक्सी पानीले चल्ने त होइन होला अरु ट्याक्सी किन मिटरमा चल्न मान्दैनन मैले नबुझेको कुरा यहाँ छ, पोखरामा करिब ७ सय ट्याक्सीमा एप जडान भएको बुझिएको छ।" आफुले पोखरा क्षेत्रका कुनै राजनीतिक दलका नेता, कुनै उद्योगी व्यवसायी र आफ्ना साथे भाईहरु समेत नजिका नभएकोले आम पोखरेली र दिगो रुपमा व्यावसायीहरुको हित हुने गरी उक्त निर्णय कुनै पनि हालतमा दिगो रुपमा लागु हुने गरी छाड्ने मन्त्री जुगालीको भनाई थियो।

पोखरामा २०७७ सालमा मिटरमा ट्याक्सी संचालन भए पनि त्यसले निरन्तरता नपाएको अबस्थामा हाल आफुहरुले व्यवसायीहरुसंग छलफल गरी मिटरमा ट्याक्सी संचालन गर्ने बिषयमा सहमती भए अनुसार संचालन गरेको उहाँको भनाई थियो। अब पोखरामा निरन्तर रुपमा मिटरमा ट्याक्सी संचालन हुने र त्यसको निरन्तर रुपमा अनुगमन समेत हुने मन्त्री जुग्जालीले दाबी गर्नु भयो। नेपाल उद्योग बाणिज्य महासंघका निवर्तमान अध्यक्ष संजिव बहादुर कोइरालाले पोखरामा हाल मिटरमा ट्याक्सी अझै चल्न नमान्ने गरेको गुनासो गर्नु भयो। मन्त्रीको बिषेश पहलमा पोखरामा मिटरमा ट्याक्सी लागु भएकोमा खुसि व्यक्त गर्दै यसलाई निरन्तरता दिनु पर्ने पोखरेलीले माग गर्नु भएको थियो। संघका अध्यक्ष पवन प्रजापतीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा यातायात व्यवस्था कार्यालय (सवारी) कास्कीका कार्यालयका प्रमुख डिल्लीराम रिजाज, जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी डिएसपी श्रवण कुमार बि.क., जिल्ला ट्राफिक कार्यालय कास्कीका प्रमुख भानु शर्मा, केही व्यवसायीहरुले पोखरामा ढुवानी, ट्राफिक व्यबस्थापन, ट्राफिक प्रहरीको जरीवाना अशुली, केही कानूनहरु नै संसोधन गर्नु पर्ने लगायतका सुझाव आएको संघका उपाध्यक्ष उत्तममान बुद्धाचार्यले बताउनु भयो। कतिपय कानूनहरु अव्यवहारिक भएकोले त्यसलाई समय सुहाउदो बनाउन समेत छलफलमा व्यवसायीहरुले माग गरेको महासचिव बलराम आचार्यले बताए।

व्यवसायीहरुले मालसामान वोक्ने गाडीमा दुई जना भन्दा बढी हुदा, सवारी साधन भन्दा बाहिर निस्कने गरी रड तथा स्टिल फेब्रिकेसनका सामान वोक्दा, पसलबाट सामान लोड अनलोड गर्दा ट्राफिक प्रहरीबाट हैरानी र जरीवाना तिर्दै आउनु परेको बाध्यतालाई अब कानूनबाटै यसलाई संसोधन गरी व्यवहारिक बनाउन माग गरेका हुन्।

## प्रतिनिधिसभाअन्तर्गतका समितिले पूर्णता पाउँदै

**रासस**
काठमाडौं, १० भदौं

प्रतिनिधिसभाअन्तर्गत गठित १० वटा विषयगत समितिले सोमबार पूर्णता पाउने भएका छन्।

समितिका सभापतिको उम्मेदवारी प्रस्ताव दर्तापछि ती प्रस्तावको सूची प्रकाशित भइसकेको छ। सोमबार सम्बन्धित समितिमा ती प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछन्।

सङ्घीय संसद् सचिवालयका अनुसार नौ वटा विषयगत समितिमा एकल उम्मेदवारी र एउटा समितिमा दुई जनाको उम्मेदवारी प्रस्ताव दर्ता भएको छ। एकल उम्मेदवारी प्रस्ताव आएका समितिमा स्वतः सभापति घोषणा हुने र दुई जनाको उम्मेदवारी रहेको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि निर्वाचन गरिने सङ्घीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिनुभयो। उहाँका अनुसार भोलि सभापति घोषणासँगै सपथ ग्रहणको काम पनि गर्ने तयारी सचिवालयको छ।

दर्ता भएका प्रस्ताव सम्बन्धित समितिको भोलिको बैठकमा प्रस्तावकले प्रस्तुत गर्नु हुनेछ र समर्थकले उक्त प्रस्तावको समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत हुनेछ। एक मात्र प्रस्ताव दर्ता भएका समितिमा समर्थक सदस्यले बोलिसकेपछि सभापतित्व गर्ने सदस्यले प्रस्तावित सदस्य सभापति पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुहुनेछ।

दुई वटा प्रस्ताव दर्ता भएको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि दर्ता क्रमअनुसार समर्थक सदस्यले बोलिसकेपछि दुई वटै प्रस्तावमाथि छलफल हुनेछ। त्यसपछि तत्काल सभापतित्व गर्ने सदस्यले प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुनेछ। समितिको भोलिका बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने पनि प्रवक्ता गिरीले जानकारी दिनुभयो। प्रतिनिधिसभाअन्तर्गतकासमितिको सभापतिको निर्वाचनका लागि प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम सभामुखले भोलि दिउँसो ३ बजेको समय निर्धारण गर्नुभएको छ। समितिको सभापतिका लागि नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टीकातर्फबाट आज उम्मेदवारी दर्ता भएको सङ्घीय संसद् सचिवालयले जनाएको छ। दशमध्ये नौ समितिको सभापतिमा एकल उम्मेदवारी परेको छ भने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा दुई जनाको उम्मेदवारी परेको छ। उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमतका अब्दुल खान र रास्वपाका गणेश पराजुलीको उम्मेदवारी छ।

अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जसपाका राजकिशोर यादवको उम्मेदवारी परेको छ। कानून, न्याय तथा मानवअधिकार समितिको सभापतिमा माओवादी केन्द्रका विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा कांग्रेसका आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा रामहरि खतिवडाको उम्मेदवारी परेको छ।

त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राप्रपाका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा एकीकृत समाजवादीका भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा एमालेका ऋषिकेश पोखरेलको उम्मेदवारी दर्ता भएको सचिवालयले जनाएको छ। प्रतिनिधिसभाको निर्वाचन भएको नौ महिनापछि मात्र संसदीय समितिको नेतृत्व चयन प्रक्रिया अघि बढेको हो। 'मिनी पार्लियामेन्ट' का रूपमा लिइने संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा समितिको काम प्रभावकारी हुन सकेको थिएन।

## समृद्धिको र सुशासनको नयाँ यात्रामा जानुको कुनै विकल्प छैन : प्रधानमन्त्री

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले स्थायित्वको साथै समृद्धि र सुशासनको नयाँ यात्रामा जानुको कुनै विकल्प नरहेको बताउनुभएको छ। ललितपुरको सैँबु भैँसेपाटीस्थित नवनिर्मित प्रदेश प्रमुख तथा मुख्यमन्त्रीको सम्पर्क कार्यालय तथा निवासको उद्घाटन गर्दै उहाँले राष्ट्रिय सहमतिका साथै मुलुकलाई समृद्धि र सुशासनको दिशामा अघि बढाउने उद्घोष गर्नुभयो।

"स्थायित्वका साथै समृद्धि र सुशासनको नयाँ यात्रामा जानुको कुनै विकल्प छैन," प्रधानमन्त्री दाहालले भन्नुभयो, "मैले कार्यकारी प्रमुखको हैसियतले यो पक्षमा आफ्नो ठाउँमा राष्ट्रिय सहमति र समझदारी गरेर अगाडि जाने प्रयास गर्दै आएको छु।" प्रधानमन्त्री दाहालले प्रदेशहरूलाई प्रभावकारी बनाउन तथा सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न नवनिर्मित भवनले सहयोग पुग्ने विश्वास व्यक्त

बाँकी अन्तिम पृष्ठमा ▶▶

## स्याङ्जामा उत्पादित छुर्पी अमेरिका निर्यात

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १० भदौं

स्याङ्जाको वालिङ नगरपालिका-८ जैसीपँधेरास्थित अकला नमूना साना किसान कृषि सहकारीद्वारा उत्पादित छुर्पी अमेरिका निर्यात हुँदै आएको छ।

सहकारीका अध्यक्ष पुण्यप्रसाद अर्यालले सहकारीले कृषकबाट दूध सङ्कलन गरेर विभिन्न प्रकारका परिकार उत्पादन गर्दै आएकोसमेत बताउनुभयो। "हामीले यहाँ सङ्कलित दूधबाट छुर्पी, पनिर, दही, नौनीघ्यू, आइसक्रिमलगायतका वस्तु उत्पादन गर्दै आएका छौँ, छुर्पी अमेरिका निर्यात हुँदै आएको छ ", उहाँले भन्नुभयो, "दूधबाट बनेका परिकार स्थानीय बजारमा बिक्री गरेर पनि काठमाडौँ निर्यात गर्ने गरेका छौँ।" उहाँले विशेष गरेर सहकारीले उत्पादन गरेको छुर्पीमात्र अमेरिका निर्यात हुने गरेको दाबी गर्नुभयो। यहाँको दुग्ध सङ्कलन केन्द्रमा वालिङ नगरपालिकासहित दक्षिणी पर्वतबाट समेत कृषकले दूध जम्मा गर्ने गरेका छन्। "साना किसान कृषि सहकारीले सञ्चालन गरेको डेरीमा दैनिक आठ सयदेखि एक हजार एक सय लिटरसम्म दूध सङ्कलन हुन्छ", उहाँले भन्नुभयो, "दैनिक २५ देखि ३० किलोसम्म छुर्पी उत्पादन हुँदै आएको छ, दूधको सिजनमा छुर्पीको उत्पादन धेरै नै हुन्छ।" अध्यक्ष अर्यालले प्रतिकिलो छुर्पीलाई रु एक हजारदेखि एक हजार एक सयसम्म पर्ने बताउनुभयो। उहाँले दूधबाट उत्पादित परिकारको बजारीकरणका लागि समस्या नभएको बताउनुभयो।

सहकारीका प्रबन्धक लक्ष्मी पोखेल रेग्मीले प्रतिलिटर दुई रुपैयाँ ५० पैसा दूधमा दिएको अनुदानले कृषक व्यावसायिक गाईभैँसीपालनमा आकर्षित हुँदै गएको बताउनुभयो। "कृषकलाई ५० प्रतिशत अनुदानमा कृषि सामग्री, लहरेबालीका बीउबिजन, घाँसका बिरुवा वितरण गर्दै आएका छौँ", उहाँले भन्नुभयो, "बाख्रापालक कृषकलाई बोयर बोका, एक सय ५० किलोदेखि माथि अदुवा लगाउने कृषकलाई किलोमा रु २५ अनुदान दिँदै आएका छौँ।" प्रबन्धक रेग्मीले प्रधानमन्त्री कृषि आनुनिकीकरण परियोजनासँगको सहकार्यमा गत आर्थिक वर्षमा १० जना कृषकलाई 'भैँसी अनुदान कार्यक्रम' अन्तर्गत ५० प्रतिशत अनुदान उपलब्ध गराएको बताउनुभयो। उहाँले २८ जना कृषकलाई 'भकारो सुधार कार्यक्रम'अन्तर्गत अनुदान वितरण गरिएकोसमेत जानकारी दिनुभयो। विसं २०७५ मा स्थापन भएको सहकारीमा दुई हजार आठ सय ५० शेयर सदस्य रहेका छन्। सहकारीले चालु आर्थिक वर्षमा पशुधन सुरक्षण कार्यक्रमअन्तर्गत निःशुल्क पशु बीमा कार्यक्रम सञ्चालन गर्ने निर्णयसमेत गरेको छ। कृषि पेसातर्फ किसानलाई आकर्षित गर्दै रोजगारीको सिर्जना गर्ने उद्देश्यले कृषकलाई अनुदान दिँदै आएको प्रबन्धक रेग्मीको भनाइ छ। "हिजोआज वित्तीय संस्थाहरूले ऋण लगानी गर्ने र ब्याजमार्फत मुनाफा आर्जन गर्ने परम्परा चलिरहेको छ", उहाँले भन्नुभयो, "यो अवस्थामा परिवर्तन ल्याएर कृषकलाई आत्मनिर्भर र स्वरोजगार बनाउने योजनाअनुसार सहकारीले काम गरिरहेको छ।" रेग्मीले सहकारीले कृषकमुखी कार्यक्रम सञ्चालन गर्दा वैदेशिक रोजगारमा जान ठिक्क परेकाहरू रोकिने गरेको सुनाउनुभयो।

**बालअधिकारप्रति संवेदनशील बनौं।**


◆ माया, ममता, संरक्षण, स्वस्थ वातावरण, उचित पोषण, शिक्षा, मनोरञ्जन र विकासका अवसर पाउनु प्रत्येक बालबालिकाका आधारभूत अधिकार हुन्।

◆ बालबालिकाका बाँच्न पाउने अधिकार, संरक्षणको अधिकार, विकासको अधिकार र सहभागिताको अधिकारको सुनिश्चित गरौं, गराऔं।

◆ बालबालिकाको अधिकारप्रति राज्य, समाज, परिवार र अभिभावकलगायत सबै संवेदनशील बनौं।

*बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



# महादेब मूर्ति निर्माणका अभियान्ता बराल सम्मानित

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं




पुम्दीकोटस्थित बिशाल महादेबको मूर्ति निर्माणका अभियान्ता चन्द्रकान्त बराल सम्मानित भएका छन । शनिबार साँझ समाज सेवासंगै उद्योग एवं ब्यवसायीमा सक्रिय बराललाई पुम्दीकोटस्थित बिशाल महादेबको मूर्ति निर्माणमा महत्वपूर्ण योगदान गरेकोमा लायन्स क्लव अफ पोखरा अन्नपूर्ण सहितका क्लवहरुले संयुक्तरुपमा सम्मान गरेका हुन ।

पोखरा अन्नपूर्ण, मर्दीहिमाल लगातका ६ वटा क्लवले आयोजना गरेको संयुक्त पदस्थापन समारोहमा लायन्स क्लव अन्तराष्ट्रिय, डिष्ट्रिक ३२५ 'जे' नेपालका गभर्नर हरि मरहठ्ठाले समाजसेवी बराललाई ताम्रपत्रसहित दोसल्ला ओढाएर सम्मान गरे ।डिष्ट्रिक गभर्नर मरहठ्ठाले चार दशकदेखि विभिन्न ब्यसायसंगै समाज सेवामा सक्रिय बरालले पुम्दीकोटमा करोडौको लगानीमा बिशाल महादेबको मूर्ति निर्माण गरेर नयाँ पर्यटकीय गन्तब्यकारुपमा बिकास गरेकोमा सह्राना गरे । उनले समाज सेवी बरालको अगूवाइमा महादेवको मूर्ति निवार्माण भएसंगै पोखरामा नयाँ पर्यटकीय गन्तब्य थापिएको बताए । उनले भने,'एउटा ब्याक्तिको योजनमा पुम्दीकोट समग्र पोखरा क्षेत्रकै महत्वपूर्ण धार्मिक एवं पर्यटकीय गन्तब्यका रुपमा बिकास भएको छ । महादेवको बिशाल मूर्ति र अन्य पूर्वाधार निर्माण संगै पोखरा भित्रिने आन्तरिक तथा बाह्यि पर्यटकहो रोजाईको क्षेत्र पर्ने थालेको छ । मूर्ति निर्माणले स्थानिय र समग्र पोखराको पर्यटन विकासमा कोसेढुङ्गा समावित हुदैछ ।' गभर्नर मरहठ्ठाले बराल लायन्सकै पूर्व अध्यक्ष भएको बताउँदै लायन्स सदस्यको अगूवाइमा करोडौंको परियोजनाले मुर्तरुप लिनुले गौरबको अनुभूति भएको उल्लेख गरे । सम्मानित ब्याक्तित्व एवं पुम्दीकोट बिशाल महादेब मूर्ति निर्माण समितिका संयोजक बरालले आफूलाई लायन्स लगायतका संघसंस्थाले गरेको यस सम्मानले समाज सेवामा लाग्नका लागि थप प्रेरणा थपेको बताए । उनले यस ठाउँमा महादेवको बिशाल मूर्ति निर्माण गरेर पोखरा क्षेत्रमा नयाँ पर्यटकीय गन्तब्यका रुपमा बिकास गर्ने आफ्नो योजनामा विभिन्न दाताहरुको सहयोगले सम्भव भएको बताए ।

परियोजना सफल बनाउनका लागि आफू विगत आठ बर्षदेखि ब्यवसाय त्यागेर पूर्णरुपमा लागि रहेको अध्यक्ष बरालले उल्लेख गरे । बरालले २०५२ सालमा त्यस ठाउँमा विशाल महादेवको मूर्ति बताउन रातमा सपनी दखिएपछि यो परियोजना बनाउने योजना बताएको बताए । उनले भने,'२०५२ मा राती समनीमा यस ठाउँमा महादेवको बिशाल मूर्ति बनाउनु पर्ने सपनी देखे । त्यस रातको सपनापछि २० करोडको लागतमा भिमकाय बिशाल महादेबको मूर्ति निर्माण गर्ने योजना बनाएँ । सरकारका मन्त्रालयदेखि विभिन्न संघसंस्था र ब्याक्तिहरु संग सहयोगका लागि हात फैलाएँ । मूर्ति निर्माणका लागि सहयोग जुटाउन महापुराण लगाएर रकम जोहोको शुरुवात गरियो । महापूराणबाट संकलित रकमसंगै विभिन्न उद्योगि, ब्यवसायी, समाजसेवी लगायतको सहयोगमा पूर्वाधार निर्माण यो अवस्थामा आइपुगेको छ । अब, झण्डै एक करोड ऋण तिर्न वाँकी छ ।' अध्यक्ष बरालले आर्थिक पारदर्शीता र मितब्ययीतता देखेर नै दाताहरुले करोडौंको सहयोग गरेकाले परियोजनाले सफलता पाएको उल्लेख गरे । बराले २०४० साल देखि पाल्टी ब्यवसायमा आवद्ध छन । उनी लायन्स क्लव अफ पोखरा फिष्टेलका पूर्व अध्यक्ष, गरिमा बिकास बैकको अध्यक्ष लगायत दर्जनौसामाजिकसंघसस्थाकोनेतृत्व गरिसकेका छन । लायन्स डिष्ट्रिक ३२५ 'जे' नेपालका निवर्तमान गभर्नर एवं लायन्स अन्नपूर्णका पूर्व अध्यक्ष ध्रुर्व श्रेष्ठले समाज सेवी एवं महादेव मूर्ति निर्माणका परिकल्पनाकार बराललाइ सम्मान गर्न पाउँदा गौरवान्वित भएको बताए । समाजमा अतुलनिय र अनुकरणीय कार्य गर्दै आएका बराल प्रतिको सम्मानले समाज सेवा गर्ने प्रति प्ररणन थप्ने उनले बिश्वास ब्याक्त गरे । बराललाइ सम्मान गर्ने अन्नपूर्ण लायन्स क्लव यस क्षेत्रको समाज सेवामा अग्रणी क्लवका रुपमा परिचित छ । क्लवले विश्वका विभिन्न राष्ट्रमा रहेका क्लवहरुको समन्वयमा नेपालका विभिन्न क्षेत्रमा समुदायक बिद्यालय भवन, खानेपानी ट्याङ्की, पुस्ताकालय, बार्षिक दर्जनौं छात्रबृत्ति, विदेशी तथा स्वदेशी चिकित्सकको समन्वयमा बर्षेनी निशुल्क स्वास्थ्य शिविर, अक्षकोष संचालन लगायतका सेवा गर्दै आइरहेको अन्नपूर्णका पूर्वअध्यक्ष अजुर्न पोखरेलले जनाकारी दिए ।

# पोखरा र माछापुच्छ्रेका प्रभावितलाई सेती जलविद्युतको शेयर

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं



कास्की जिल्लाको माछापुच्छ्रे गाउँपालिकामा निर्माणाधीन २५ मेगावाट क्षमताको सेती नदी जलविद्युत आयोजनाले प्रभावित क्षेत्रका स्थानीयवासी र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि कम्पनीको प्राथमिक सेयर( आइपिओ) जारी गर्ने भएको छ ।

सेती नदी जलविद्युत आयोजनाको प्रवर्द्धक भिजन लुम्बिनी उर्जा कम्पनी प्रालिले यही भदौ १९ गतेदेखी प्रभावित क्षेत्रका लागि आइपिओ ल्याउन लागेको हो । आयोजनाको प्रभावित क्षेत्रका रुपमा रहेका माछापुच्छे गाउँपालिकाको वडा नं. १, २, ३, ४ र पोखरा महानगरपालिका वडा नं १९ का स्थानीय बासिन्दाहरुले कम्पनीको आइपिओमा आवेदन दिन सक्नेछन् । भिजन लुम्बिनीले आफ्नो जारी पूँजी रु एक अर्ब ९१ करोड २५ लाखको १० प्रतिशत अर्थात रु १९ करोड १२ लाख ५० हजार बराबरको १९ लाख १२ हजार ५०० कित्ता सेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन गर्न लागिएको कम्पनीका कार्यकारी अध्यक्ष जगतबहादुर पोखरेलले बताउनुभयो । उहाँका अनुसार सर्वसाधारणलाई छुट्याइएको सेयरको १० प्रतिशतले एक लाख ९१ हजार २५० कित्ता साधारण सेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरी विदेशमा रोजगार गरी रहेका नेपालीहरुका लागि निष्काशन गरिने छ । कम्पनीका अनुसार आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुले अधिकतममा तीन लाख ८० हजार कित्ता र वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले अधिकतम १९ हजार १२० हजार कित्ता सेयरका लागि आवेदन दिन सक्नेछन् । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि निष्काशन बन्द छिटोमा छिटोमा असोज २ गते र ढिलोमा असोज १७ गते हुनेछ । वैदेशिक रोजगारीमा रहेका नेपालीहरुले भने असोज २ गतेभित्र आवेदन दिनु पर्ने बताइएको छ । आईपीओ निष्कासन तथा बिक्री प्रबन्धकमा मुक्तिनाथ क्यापिटल लिमिटेड रहेको छ । भिजन लुम्बिनीका कार्यकारी अध्यक्ष पोखरेलले आयोजना सम्पन्न हुने अन्तिम चरणमा पुगेको बताउनुभयो । आयोजनाको सिभिल, हाइड्रो मेकानिकल, इलेक्ट्रोमेकानिकल र ट्रान्समिसन लाइन (प्रसारण लाइन) निर्माणतर्फका सबै काम अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो । कम्पनीका अनुसार ढिलोमा पनि आगामी मङ्सिरभित्र आयोजना सम्पन्न भएर व्यावसायिकरुपमा विद्युत उत्पादन हुनेछ । स्थानीयवासी, स्थानीय सरकार र प्रशासनको सहयोगबाट नै आयोजना तोकिएको समयमा सम्पन्न हुन लागेको अध्यक्ष पोखरेलले बताउनुभयो । उहाँले भन्नुभयो,"जलविद्युतमा २५ मेगावाट सानो परियोजना होइन। धेरै मानिस जोडिनुभएको छ। एक हजार पाँच सय जना प्रवर्द्धकको लगानी छ, सुरुआती लागत बढेको छैन ।

पारदर्शी रूपमा समयमै आयोजना पूरा गर्न अहोरात्र खटिएका छौँ, छिट्टै सफलता मिल्नेमा आशावादी छौँ ।" माछापुच्छ्रेको सार्दिखोला भराभरीस्थित सेती नदीमा बाँध निर्माण गरी छ हजार चार सय मिटर लामो भूमिगत पाइपमार्फत पानी ल्याएर एक सय ८७ मिटर उचाइबाट चिन्तेबगर स्थित पावर हाउसमा खसालेर विद्युत् उत्पादन गर्ने योजना छ ।

पाइपमार्फत लगिएको पानी पावर हाउसमा रहने १२ दशमलव पाँच मेगावाट क्षमताका दुई वटा टर्वाइनमा खसालिने छ। सो आयोजना नदी जलप्रवाहमा आधारित छ । सेती जलविद्युत् आयोजनामा रु पाँच अर्ब लगानी रहेको छ। यसमा रु तीन अर्ब ५० करोड विभिन्न बैंक तथा वित्तीय संस्थाले लगानी गरेका छन् । अन्य लगानी प्रवर्द्धक, स्थानीयवासी तथा आइपियो जारी गरेर पूरा गर्न लागिएको आयोजना प्रमुख इन्जिनियर लेखनाथ पाण्डेले जानकारी दिनुभयो ।

# पोखरा ट्रेडमलको बोर्ड अफ डाइरेक्टरमा सौगात थापा नियुक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

पोखरा ट्रेडमलको बोर्ड अफ डाइरेक्टरमा सौगात थापा नियुक्त भएका छन् ।

अंशुवरा ग्रुपका प्रबन्ध निर्देशक समेत रहेका थापा आइतबार बोर्ड अफ डाइरेक्टरमा नियुक्त भएको पोखरा ट्रेडमलका अध्यक्ष मिनराज काफ्लेले जानकारी दिए । सौगातलाई पोखरा ट्रेडमलको नियमावलीको परिक्षण ४ को दफा २८ को उपदफा ४ बमोजिम बोर्ड अफ डाइरेक्टरमा नियुक्त गरिएको हो । सौगात पछिल्लो समय



व्यवसायमा सक्रिय छन् । सौगात पोखरा उद्योग बाणिज्य संघको कार्यसमिति सदस्य समेत हुन् ।

पोखरा ट्रेडमललाई अझ व्यवस्थित बनाउँदै लैजाने सोच उनको छ । ट्रेडमलमा व्यवसायीलाई आकर्षण गराउन प्रविधिमैत्री वातावरणलाई आत्मसात् गरिने उनले बताए । 'अग्रजका सल्लाहलाई अनुसरण गर्दै पोखरा ट्रेडमलको स्तरउन्नतिमा लागि पर्नेछु', उनले भने,'ट्रेडमलको प्रचारप्रसारमा समेत ख्याल गरी व्यवसायिक मैत्री वातावरण बनाउने लक्ष्य सहित काम गर्न प्रतिबद्ध छु ।'

मिनराज काफ्लेले ट्रेडमलको बोर्ड अफ डाइरेक्टरमा युवा व्यक्तित्वलाई नियुक्त गर्न पाउँदा खुशी लागेको उल्लेख गरे । सौगात सयौं युवाहरुको प्रेरणा बन्न सक्ने भनाई उनको छ । युवालाई व्यवसायिक क्षेत्रमा आकर्षण गराई नेतृत्व विकासमा समेत महत्वपूर्ण टेवा पुग्ने विश्वास उनले लिएका छन् ।

पोखरा ट्रेड मल २०७२ सालमा सञ्चालनमा आएको नेपालकै ठूलो व्यावसायिक कम्प्लेक्स मध्येमा पर्छ । जहाँ १ हजार २ सय भन्दा बढी सटरहरु छन् । ट्रेडमलमा अंशुवरा ग्रुपको ठूलो लगानी छ । यसका अलवा अंशुवरा समूहले वित्तिय संस्था, रियलस्टेट, हस्पटालिटी क्षेत्रमा समेत लगानी विस्तार गरेको छ । यस्तै यो समूहले अंशुभरा एग्रोफर्म समेत संचालनमा ल्याउने तयारी गरिरहेको छ ।

# कम्युनिष्ट शक्तिबीच कार्यगत एकताको खाँचो छ : अध्यक्ष नेपाल

**पोखरापत्र संवाददाता**
पोखरा, १० भदौं

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले जनप्रतिनिधिले जनताको समस्या केन्द्रित गर्ने संसद् प्रतिपक्षीको कारण राम्रोसँग चल्न नसकेको बताउनुभएको छ ।

समाजवादी प्रेस सङ्गठनको दोस्रो स्थापना दिवसका अवसरमा आइतबार आयोजित कार्यक्रममा उहाँले प्रतिपक्षीले गरेको संसद् अवरोध ठीक तथा बेठीक थियो भन्ने समाचार नागरिकलाई सञ्चार जगत्ले प्रवाह गर्नुपर्ने बताउनुभयो । उहाँले अहिलेसम्मका राजनीतिक उपलब्धि रक्षाका लागि कम्युनिष्ट शक्तिबीच कार्यगत एकताको खाँचो औँल्याउनुभयो । पूर्वप्रधानमन्त्री नेपालले मुलुकमा नेपाली विशेषताको समाजवाद कार्यान्वयनका लागि सुशासनको प्रत्याभूति, राष्ट्रिय पूँजीको विकास र आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्रियता संरक्षण, जनअधिकार, वामपन्थी दलमा देखापरेका विचलन र उनीहरूमा पूँजीवादी चरित्रको बढ्दो प्रभाव, विकास हुँदै गएकोमा चिन्ता व्यक्त गर्नुभयो ।पार्टीका सम्मानित नेता झलनाथ खनालले नेपाली कम्युनिष्ट आन्दोलनमा दक्षिणपन्थी प्रभाव देखापरेकाले आफ्नो दललाई त्यसबाट मुक्त गर्नुपर्नेमा जोड दिनुभयो ।

# समृद्धिको...

गर्नुभयो । उहाँले भन्नुभयो, "प्रदेश प्रमुख र मुख्यमन्त्रीको भवन सुन्दर छ, भैँसेपाटी ठाउँ पनि रमाइलो छ, मैले यसलाई भवन र स्थानको कुरा हैन, हाम्रा प्रदेशहरूलाई प्रभावकारी बनाउनुपर्ने छ ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्ने सन्दर्भमा बेलामौकामा केही मानिसले प्रश्न उठाउने गर्छन् त्यसको जवाफ पनि हो । जुन सङ्घीयता संस्थागत गर्न एक कदम अघि बढेको छ ।" प्रधानमन्त्री दाहालले संविधानको प्रभावकारी कार्यान्वयन गर्न र राजनीतिक स्थिरता र स्थायित्वको वातावरणलाई अझ राम्रोसँग अगाडि बढाउन तथा सुशासन, सामाजिक न्याय र समृद्धिको राष्ट्रिय उद्देश्यलाई पूरा गर्न प्रदेश र स्थानीय सरकारले सक्रिय भूमिका खेल्ने विश्वास व्यक्त गर्नुभयो । नयाँ भवनले समृद्ध सुसंस्कृत, प्रणाली र विधिविधानमा चल्न प्रेरणा मिल्ने विश्वास व्यक्त गर्दै उहाँले प्रदेश सरकार र स्थानीय तहले सुशासन, सामाजिक न्याय र समृद्धिको यात्रालाई प्रभावकारी रूपमा अगाडि बढाउन आग्रह पनि गर्नुभयो ।

प्रधानमन्त्री दाहालले नयाँ मन्त्री बनेपछि पुल्चोकको मन्त्री निवासमा को पहिला गएर कुन क्वाटरमा बस्ने भन्ने 'लिगलिगे दौड' हुने गरेको ठट्टा गर्दै अब त्यस्तो प्रतिस्पर्धा गर्नुपर्ने अवस्थाको अन्त्य भएको बताउनुभयो । उहाँले सङ्घीय मन्त्रीको निर्माणाधीन निवासमा पनि सम्बन्धित मन्त्रीको तोकेको खण्डमा भवनको मर्मत स्याहार प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो ।


कार्यक्रममा सहरी विकासमन्त्री सीता गुरुङले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई बलियो बनाउन र यसको संस्थागत विकासका निम्ति नवनिर्मित भवन उदाहरणीय हुने विश्वास व्यक्त गर्नुभयो ।


कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्कः
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०



के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

## सुक्तिसुधा

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# संसदीय समितिमा भागबन्डा

निर्वाचन भएको नौ महिनापछि बल्ल संसदीय समितिले नेतृत्व पाउने भएको छ । गठबन्धन सरकारले संसद्लाई काम दिन नसकेको मात्र होइन संसदीय समिति गठनमा समेत विलम्ब गरेको थियो । वल्लतल्ल समिति गठन भए पनि सभापति चयन गर्न सभामुख देवराज घिमिरेले निकै कसरत गर्नुपऱ्यो । संसदका सभापति चयनका लागि सत्तारूढ र प्रमुख प्रतिपक्षी दलबीच सहमति भएको थियो । तीन ठूला दल नेपाली काङ्ग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्रका शिर्ष नेताबीच पटकपटक भएका वार्तामा संसदीय समितिको नेतृत्वका लागि सहमति भएपनि कार्यान्वयनका लागि ठूलै दबाब दिनुपरेको थियो । दबाब स्वरूप प्रतिनिधिसभाअन्तर्गत गठित १० वटा विषयगत समितिले आज पूर्णता पाउने भएका छन् । समितिका सभापतिको उम्मेदवारी प्रस्ताव दर्तापछि आइतबार ती प्रस्तावको सूची प्रकाशित भइसकेको छ ।

सोमबार सम्बन्धित समितिमा ती प्रस्ताव निर्णयार्थ प्रस्तुत गरिनेछन् । संघीय संसद् सचिवालयका अनुसार नौ वटा विषयगत समितिमा एकल उम्मेदवारी र एउटा समितिमा दुई जनाको उम्मेदवारी प्रस्ताव दर्ता भएको छ । संसदमा सत्तापक्ष र विपक्षीबीच जस्तो सम्बन्ध छ त्योभन्दा फरक संसदीय समितिको सभापति उमेदवार बन्दा देखिएको छासंसदीय समितिका झसभापतिको उमेदवारी दिँदा सत्ता पक्ष र विपक्षी नभनी मिलेर उमेदवारी दर्ता भएको छाराजनीतिमा जे पनि सम्भव छ भन्ने उमेदवार दर्तामा देखिएको छ। संसदको चौथो शक्ति राष्ट्रिय स्वतन्त्र पार्टी बाहेकका दलहरूबीच सहमति हुनु एकहद सम्म सकारात्मक हो । एकल उम्मेदवारी प्रस्ताव आएका समितिमा स्वतः सभापति घोषणा हुने र दुई जनाको उम्मेदवारी रहेको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि निर्वाचन गरिनेछ । सभापति घोषणासँगै सपथ ग्रहणको काम पनि गर्ने तयारी संघीय संसद सचिवालयको छ । दर्ता भएका प्रस्ताव सम्बन्धित समितिको सोमबार बैठकमा प्रस्तावकले प्रस्तुत गर्ने र समर्थकले उक्त प्रस्तावको समर्थन गरेपछि निर्णयार्थ प्रस्तुत हुनेछ ।

एक मात्र प्रस्ताव दर्ता भएका समितिमा समर्थक सदस्यले बोलिसकेपछि सभापतित्व गर्ने सदस्यले प्रस्तावित सदस्य सभापति पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछन् । दुई वटा प्रस्ताव दर्ता भएको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिका लागि दर्ता क्रमअनुसार समर्थक सदस्यले बोलिसकेपछि दुई वटै प्रस्तावमाथि छलफल हुनेछ । त्यसपछि तत्काल सभापतित्व गर्ने सदस्यले प्रस्तावलाई क्रमशः निर्णयार्थ प्रस्तुत गर्नेछन्। समितिको भोलिका बैठक ज्येष्ठ सदस्यको अध्यक्षतामा बस्ने संसद सचिवालयका प्रवक्ता एकराम गिरीले जानकारी दिए । प्रतिनिधिसभाअन्तर्गतका समितिको सभापतिको निर्वाचनका लागि प्रतिनिधिसभा नियमावली, २०७९ को नियम १७६ को उपनियम (१) बमोजिम सभामुखले सोमबार दिउँसो ३ बजेको समय निर्धारण गरेका छन् । समितिको सभापतिका लागि नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), जनता समाजवादी पार्टी (जसपा), नेकपा (एकीकृत समाजवादी) र जनमत पार्टीकातर्फबाट उम्मेदवारी दर्ता भएको संघीय संसद् सचिवालयले जनाएको छ । दशमध्ये नौ समितिको सभापतिमा एकल उम्मेदवारी परेको छ भने उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा दुई जनाको उम्मेदवारी परेको छ । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको सभापतिमा जनमतका अब्दुल खान र रास्वपाका गणेश पराजुलीको उम्मेदवारी छ । अर्थ समितिको सभापतिमा नेपाली कांग्रेसका सन्तोष चालिसे, अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिको सभापतिमा जसपाका राजकिशोर यादवको उम्मेदवारी परेको छ ।

कानून, न्याय तथा मानवअधिकार समितिको सभापतिमा माओवादी केन्द्रका विमला सुवेदी, कृषि सहकारी तथा प्राकृतिक स्रोत समितिको सभापतिमा कांग्रेसका आरजु राणा देउवा, महिला तथा सामाजिक मामिला समितिको सभापतिमा एमालेका किरणकुमार साह र राज्य व्यवस्था तथा सुशासन समितिमा काङ्ग्रेसका रामहरि खतिवडाको उम्मेदवारी परेको छ । त्यसैगरी, पूर्वाधार विकास समितिको सभापतिमा राप्रपाका दीपकबहादुर सिंह, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सभापतिमा एकीकृत समाजवादीका भानुभक्त जोशी र सार्वजनिक लेखा समितिको सभापतिमा एमालेका ऋषिकेश पोखरेलको उम्मेदवारी दर्ता भएको सचिवालयले जनाएको छ । 'मिनी पार्लियामेन्ट' का रूपमा लिइने संसदीय समितिको नेतृत्व चयन हुन नसक्दा समितिको काम प्रभावकारी हुन सकेको थिएन । अब संसदलाई कामदिने र संसदीय समितिलाई जन जनको बिश्वास जगाउने काम गर्नुपर्नेछ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : शारीरिक झमेला |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

हरिसिद्धि भविश्यवाणी केन्द्र

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखराका तीन लायन्स क्लवको संयुक्त पदस्थापन सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

पोखरामा तीन वटा लायन्स क्लवको संयूक्त पदस्थापन कार्यक्रम सम्पन्न भएको छ ।

शनिबार साँझ एक विशेष कार्यक्रमकाबीच लायन्स क्लव अफ पोखरा बिरौटा साझा चौतारी, लयान्स क्लव अफ पोखरा पिस हिमालय सिटी र लायन्स क्लव अफ पोखरा गलेश्वर सेन्चुरीका वर्ष २०२३-२४ का अध्यक्ष तथा पदाधिकारीहरुलाई एकै पटक पदस्थापन गरिएको हो । गत जुलाईमा निर्वाचित पोखरा बिरौटा साझा चौतारीका अध्यक्ष लक्ष्मी बराल आचार्यलाई निवर्तमान अध्यक्ष कल्पना आर्यालले , पिस हिमालय सिटीका अध्यक्ष जगतमोहन गिरीलाई निवर्तमान अध्यक्ष ईश्वरी प्रसाद लम्सालले र गलेश्वर सेन्चुरीका अध्यक्ष सुन्दर श्रेष्ठलाई मोहन अधिकारीले पदभार हस्तान्तरण गरेका थिए । पदस्थापनपछि बोल्दै लायन्स क्लव अफ पोखरा बिरौटा साझा चौतारीका अध्यक्ष लक्ष्मी बराल आचार्यले आफ्नो कार्यकाललाई स्वर्णिम



बनाउनका लागि स्वास्थ्य सचेतना कार्यक्रम, लायन्स क्वेष्ट कार्यक्रम, न्यानो कपडा वितरण, स्टेसनरी वितरण, भईपरि आउने विपत्तिमा सहयोग तथा राहत लगायत कार्यक्रम निर्धारण गरेर अगाडी बढ्ने प्रतिवद्धता व्यक्त गरिन् । त्यस्तै लायन्स क्लव अफ पोखरा पिस हिमालय सिटीका अध्यक्ष जगतमोहन गिरीले आफ्नो क्लवमा सबै क्षेत्रमा आवद्धता भएका सदस्यहरुको रहेको भन्दै उनीहरुको मनोभावनालाई समेटेर कार्यक्रम गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले यसअघिका कार्यक्रमहरुलाई निरन्तरता दिँदै थप रचनात्मक कार्यक्रमहरुपनि आफ्नो कार्यकालमा सञ्चालन गर्ने योजना रहेको सुनाए ।

कार्यक्रममा लायन्स क्लव अफ पोखरा गलेश्वर सेन्चुरीका अध्यक्ष सुन्दर श्रेष्ठले क्लवले आधा दर्जन बढी कार्यक्रम यसअघि नै सम्पन्न गरिसकेको जानकारी दिए । उनले गत वर्षजस्तै बाँकी रहेका कार्यक्रमलाई निरन्तरता दिँदै जाने प्रतिवद्धता व्यक्त गरे। कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लव ३२५ एमका डिष्ट्रिक्ट गभर्नर भिमलाल पौड्यालले तीन वटै क्लव सामाजिक कार्यमा अब्बल क्लव भएको भन्दै क्लव अध्यक्ष तथा पदाधीकारीहरुको प्रशंसा गरे । उनले निवर्तमान अध्यक्षहरुले जस्तै गरि कार्यक्रमलाई निरन्तरता दिन कुनै कन्जुस्याईं नगर्न आग्रह गरे । कार्यक्रममा प्रथम डिष्ट्रिक्ट भाइस गभर्नर चण्डीप्रसाद अर्याल, द्वितिय डिष्ट्रिक्ट भाइस गभर्नर धनिराम बराल, डिष्ट्रिक्ट चिफ एड्मिनिस्टेटर किशोर बराल, पीआरओ दीपक खरेल, को-चिफ एड्भाइजर शिवराज आचार्य, चिफ अफ कन्स्यूलर उमानाथ बराल, जिएटी कोअर्डिनेटर चुणामणी बराल लगायतले क्लवहरुले आफूभन्दा कम भाग्यमानी तथा सिमान्तकृत समुदायको हितमा अनुकरणीय कार्य गरेको बताए ।

पहिलो सत्रको कार्यक्रमको अध्यक्षता पोखरा बिरौटा साझा चौतारीका निवर्तमान अध्यक्ष कल्पना आर्याल र दोश्रो सत्रको लक्ष्मी बराल आचार्यले गरेको कार्यक्रममा स्वागत कार्यक्रम संयोजक जोन चेयर पर्सन गिता पराजुली र धन्यवाद ज्ञापन रिजन-९ का रिजन चेयर पर्सन भोजराज बराल, झण्डाको अभिवादन गलेस्वर सेन्चुरी र कार्यक्रमको सञ्चालन लायन्स क्लव अफ पोखरा हिमालय सिटीका पूर्व अध्यक्ष एवं सिनियर एड्भाइजर गोविन्द काफ्लेले गरेका थिए ।

# पोखराको बुलौदीमा वल्डहाउस कफि हाउस सञ्चालनमा

पोखरापत्र संवाददाता
पोखरा, १० भदौं

पोखराको बुलौदीमा माइ वल्डहाउस कफि हाउस एण्ड रेष्टुरेण्ट सञ्चालनमा आएको छ । पोखरा ७ बुलौदीमा रहेको हाइट हाउसमा कफि हाउस सञ्चालनमा आएको हो ।

कफि हाउसमा नेपाल स्वाद र विदेशी स्वादलाई लक्ष्त गरेर सञ्चालनमा ल्याएको सञ्चालक किशोर सुबेदीले बताए । कफि हाउसमा नेपालको उच्च पहाडी भेगमा उत्पादन भएका कफि, अर्गानिक चिया, बेकरी आइटमका साथ फ्रेस जुस र खाजाका विभिन्न परिकार उपलब्ध रहेको सुबेदीले बताए। करिब ३० लाखको लगानीमा सञ्चालन भएको कफि हाउसमा अहिले ४ जनाले प्रत्यक्ष रोजगारी पाएका छन् । बिहान ७ बजे देखि साँझ ९ बजे सम्म सेवा उपलब्ध रहेको उनले बताए। कफि हाउसमा ३० जना सम्मको बैठक कक्ष र ५० जना सम्मको गार्डेनमा बैठक गर्न सकिने बताए । कफि हाउसमा करिब १ सय २० जनाको क्षेमता रहेको उनले बताए ।

# याकचौँरीका बाच्छाबाच्छीको संरक्षण प्राथमिकतामा

पोखरापत्र संवाददाता
मनाङ, १० भदौं

हिउँ चितुवाको आक्रमण बढ्दै गएपछि याकचौँरीका बाच्छाबाच्छी संरक्षणलाई प्राथमिकता दिइएको छ ।

खर्कमा राखेर पालिएका याकचौँरीका बाच्छाबाच्छीको संरक्षणका लागि अनुदानमा तारबारसहितको गोठ निर्माण गर्न प्रोत्साहन गरिएको भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले जनाएको छ । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख डा नारायण कुसुमले मनाङ याकचौँरीको 'हब' भएकाले बाच्छाबाच्छीलाई संरक्षणका लागि अनुदानलाई निरन्तरता दिइएको जानकारी दिनुभयो ।

उहाँका अनुसार हिउँ चितुवाले याकचौँरीका बाच्छाबाच्छीलाई बढी आक्रमण गरी क्षति पुऱ्याउँदै आएकाले संरक्षणका लागि अनुदान दिइएको हो । प्रमुख कुसुमले भन्नुभयो, "पशुपालक किसानलाई हुने क्षतिमा राहत पुऱ्याउने उद्देश्यले अनुदानमा तारबारसहितको गोठ निर्माण गरिएको छ, खर्कमा बाच्छाबाच्छी बढी जोखिममा पर्ने हुन्, तर याकचौँरीलाई नै पनि आक्रमण हुने गरेको छ ।" याकचौँरीका बाच्छाबाच्छीको संरक्षण गर्न निकै कठिन हुने र यसबाट हुने क्षतिबाट किसीनलाई राहत दिन अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको संयुक्त प्रयासमा वैकल्पिक प्रविधि एवं सहयोग किसानसमक्ष पुऱ्याउने गरिएको उहाँले बताउनुभयो ।

पशुपालक किसानलाई यस क्षेत्रमा नै प्रोत्साहन गर्न विविध कार्यक्रम सञ्चालनको निरन्तरता दिन चालु आर्थिक वर्ष २०८०/८१ का लागि बजेट विनियोजन गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार कूल रु दुई करोड सात लाख एक हजार बजेट विनियोजन गरिएको छ । पूँजीगततर्फ प्रयोगशाला कोठा 'पार्टिसन' गर्ने र वाल ऱ्याक, कार्यालय तथा आवास क्षेत्रको तारबारसहितको वाल कम्पाउण्डिङ, तालिम हल 'प्लाङकिङ' तथा पूरा 'फर्निसिङ', प्रयोगशाला एवं डिस्पेन्सरी उपकरण खरिद, ट्राइनाकुलर ओलम्पस क्यामराजडित माइक्रोस्कोप खरिद, फर्निचर खरिद लगायतका शीर्षकमा बजेट विनियोजन गरिएको कुसुमले जानकारी दिनुभयो ।

उहाँका अनुसार प्रयोगशाला कोठा पार्टिसन/वाल ऱ्याकमा रु छ लाख, कार्यालय र आवास क्षेत्रको तारबारसहितको वाल कम्पाउण्डिङमा रु १८ लाख, तालिम हल प्लाङकिङ तथा पूरा फर्निसिङमा रु आठ लाख, प्रयोगशाला तथा डिस्पेन्सरी उपकरण खरिदमा रु तीन लाख, ट्राइनाकुलर ओलम्पस क्यामराजडित माइक्रोस्कोप खरिदमा रु चार लाख र फर्निचर खरिदमा रु एक लाख बजेट विनियोजन गरिएको छ। चालुतर्फ पशुपक्षी तथा मत्स्य व्यावसाय प्रवर्द्धन कार्यक्रम, पशु स्वास्थ्य कार्यक्रम, पशु आहारा प्रवर्द्धन कार्यक्रम, पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रम, पशु आनुवांशिक स्रोत संरक्षण कार्यक्रम र एकीकृत स्वास्थ्य कार्यक्रमलगायतका कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट विनियोजन भएको कुसुमले जानकारी दिनुभयो ।

उहाँका अनुसार पशुपक्षी तथा मत्स्य व्यवसाय प्रवर्द्धन कार्यक्रममा रु छ लाख ५० हजार, पशु स्वास्थ्य कार्यक्रममा रु ३६ लाख ४० हजार, पशु आहारा प्रवर्द्धन कार्यक्रममा रु छ लाख, पशु प्रजनन तथा नश्ल सुधार कार्यक्रममा रु एक लाख पाँच हजार, पशु आनुवांशिक स्रोत संरक्षण कार्यक्रममा रु १५ लाख र एकीकृत स्वास्थ्य कार्यक्रममा रु छ लाख बजेट विनियोजन गरिएको छ ।

चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले अनुदान तथा अन्य कार्यक्रममा वास्तविक किसानसमक्ष पुग्नुपर्ने बताउनुभयो। सङ्घ र प्रदेश सरकारबाट आउने कार्यक्रममा स्थानीय तहमार्फत सञ्चालन गरिएका कार्यक्रमसँग जुध्न सक्ने सम्भाव्यतालाई ख्याल गरी त्यस्ता कार्य दोहोरिन नदिनतर्फ सचेत हुन अध्यक्ष घलेले आग्रह गर्नुभयो ।

प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले किसानको व्यावसायिक सुनिश्चितताका लागि कृषि र पशु बीमा कार्यक्रमलाई उच्च प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो । पशुपालक किसानलाई अनुदान र विभिन्न तवरबाट हुने क्षतिमा सहयोग पाउन सके यसबाट पेसा फेर्नुपर्ने अवस्थाबाट सुरक्षित गराउन सकिने अपेक्षा गरिएको विज्ञ केन्द्रले जनाएको छ ।

# चामे क्षेत्रको घट्टे खोलामाथि काठेपुल निर्माण

पोखरापत्र संवाददाता
मनाङ, १० भदौं

हिमाली जिल्ला मनाङको सदरमुकाम चामे आसपासका घट्टे खोलामाथि काठेपुल निर्माण गरिएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र स्थानीयवासीको सहयोगमा घट्टे खोला बढेर क्षति पुगेको काठेपुल निर्माण गरिएको हो ।

यही भदौ ८ गते दिउँसो एक्कासि घट्टे खोलामा माथिल्लो क्षेत्रबाट बढेर आउँदा काठे पुल पूर्णरूपमा आवतजावत रोकिएको थियो । प्रमुख जिल्ला अधिकारी सुप्रभा खनाल ढुङ्गेलले स्थानीयवासी, यात्रु तथा सवारीसाधनलाई आवतजावतका लागि बाढीले जीर्ण बनाएको काठेपुल मर्मत गरिएको बताउनुभयो। उहाँका अनुसार घट्टे खोलाको सतह बढेर काठे पुललाई छोएर क्षति पुगेपछि आवतजावत रोकिएको थियो । उहाँले भन्नुभयो, "पानीको सतह घटेपछि आज काठेपुल निर्माण गरिएको ।" वर्षा कम भए पनि कुनै स्थानमा पहिरा खसेर रोकिएपछि पानीको सतह बढ्दा ह्वात्तै खोला बढेको थियो । घट्टे खोलामा आएको बाढीका कारण चामे आसपासका दुवै काठेपुल जीर्ण भएको थियो ।

जिल्ला प्रहरी कार्यालय मनाङका प्रमुख प्रहरी नायब उपरीक्षक नवीनकुमार भण्डारीले खोलामा पानीको सतह कम हुनासाथ काठेपुल निर्माण गरिएको बताउनुभयो। पुलमा क्षति भएपछि सवार िसाधन तथा सर्वसाधारणको आवतजावत ठप्प भएको थियो । विसं २०७८ असार १ मा पनि यी चामे बजार वरपरका दुई घट्टे खोला एक्कासि बढेपछि चामेका अधिकांश भौतिक संरचनामा क्षति पुगेको थियो ।

# हिउँ चितुवा र याक संरक्षणका लागि मनाङमा मैत्रीपूर्ण फुटबल हुने

रासस
काठमाडौं, १० भदौं

हिउँ चितुवा र याकको संरक्षणका लागि मनाङका विभिन्न स्थानमा मैत्रीपूर्ण फुटबल खेल हुने भएको छ ।

बायोकोस नेपाल र एन्ट फाउण्डेशनको संयुक्त आयोजना तथा विभिन्न सङ्घसंस्थाको सहयोगमा उक्त मैत्रीपूर्ण फुटबल खेल खेल्न लागिएको आइतबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

स्थानीयवासीले मनाङमा गरेको प्रकृति संरक्षणलाई सम्मान गर्दै स्थानीय युवाहरूलाई संरक्षणमा लागिरहन अभिप्रेरित गर्ने, मानव र वन्यजन्तुबीच सहअस्तित्व कायम गर्ने, जलवायु परिवर्तनले हिमाली क्षेत्रमा पारिरहेको असर बारेमा सूचीत गर्ने र पर्यापर्यटन प्रवर्द्धनमा प्रोत्साहन गर्ने उद्देश्यका साथ उक्त खेल हुन लागेको आयोजकले जनाएको छ । हिमालको काखमा रमाएर बस्ने हिउँ चितुवाले हिमालको पारिस्थितिक प्रणालीलाई सन्तुलन राख्न महत्त्वपूर्ण भूमिका खेल्ने मात्र होइन यसको बासस्थान जलवायु परिवर्तनको असर मापन गर्ने सूचक पनि हो । यही भदौ २५ देखि २७ गतेसम्म मनाङको तिमाङ, पिसाङ र मुङ्जीमा अवस्थित फुटबल मैदानहरूमा खेल हुने एन्ट फाउण्डेशनका अध्यक्ष प्रशान्त ताम्राकारले जानकारी दिनुभयो । सेलिब्रेटी टिम हिमालयन स्नो लेपर्ड (राष्ट्रिय स्तरका ख्यातिप्राप्त खेलाडीहरू, कलाकार, गायक, विभिन्न सौन्दर्य प्रतियोगिताका विजेताहरू) र स्थानीय खेलाडी टिम कान्जिसरा याक, पिसाङ याक र मनाङ याक (स्थानीय युवाहरू) बीच खेल हुनेछ ।

मैत्रीपूर्ण फुटबल खेल यही भदौ २५ गते तिमाङमा, २६ गते पिसाङमा र २७ गते मुङ्जी ब्राकामा अवस्थित फुटबल मैदानमा आयोजना गर्न लागिएको अर्को आयोजक संस्था बायोकोस नेपालका इकोलोजिष्ट पारसविक्रम सिंहले जानकारी दिनुभयो । टिम हिमालयन स्नो लेपर्डमा कालाकार (प्रशान्त ताम्राकार, आँचल शर्मा, त्रिचु राई, नरेन खड्का, आर्यन अधिकारी, जेम्स प्रधान), खेलाडी (हरि खड्का, अनिल गरुङ, निरु थापा, अस्मिता रान्पाल, सीता तामाङ, उपेन्द्रमान सिंह), मिस नेपाल वर्ल्ड सृचा प्रधान, मिस्टर नेपाल समरपन कार्की, मिस युनिभर्स नेपाल सोफिया भुजेल र प्रिस्का उदास उद्घोषक रहनुहुनेछ ।

हिउँ चितुवा र याक संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी जनचेतना जगाउनका लागि मैत्रीपूर्ण फुटबल खेल, स्थानीय आमा समूह, युवा क्लबद्वारा सांस्कृतिक कार्यक्रमको प्रदर्शन, मनाङसम्मको रमणीय यात्रा र विभिन्न उचाइमा रहेका फुटबलका खेल मैदान, हिउँ चितुवा बासस्थानको भ्रमण र अन्तरक्रिया कार्यक्रमका आकर्षण रहेका छन् ।

# कागबेनी बाढीमा करिब एक अर्ब बरबारको क्षति

**रासस**
म्याग्दी, १० भदौं

गत साउन २८ गते मुस्ताङको कागखोलामा आएको बाढीले मानवीय क्षति नभए पनि करोडौँको भौतिक संरचनामा क्षति पुर्‍याएको छ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४कागबेनीमाआएको बाढीका कारण अहिले यहाँका सयौँ स्थानीय आफन्तको आश्रय लिएर बसेका छन् । व्यापार र कृषि पेसामा आबद्ध स्थानीय बाढीले घर, पुल र गरिखाने बारी नै बगरमा परिणत गरिदिएपछि अहिले उनीहरूको हातमुख जोड्ने माध्यम केही छैन । बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तयार गरेको तथ्याङ्कानुसार बाढीले कागबेनीमा करिब रु एक अर्बको क्षति पुर्‍याएको छ। भौतिक संरचना, स्थानीयवासीको घर, व्यवसाय र विभिन्न सङ्घसंस्थाको कार्यालयमा क्षति पुर्‍याएको थियो । बाढीले यहाँका कृषकले खेती गर्दै आएको स्याउ बगैँचा र सिँचाइ कुलोमा समेत क्षति पुर्‍याएको छ। गाउँपालिकाको कृषि शाखाको तथ्याङ्कानुसार कागबेनीवासी कृषकको करोड बढीको स्याउ, ओखर र नास्पातीलगायतका फलफूल बोट क्षति पुगेको छ। बाढीले कृषकको ११ रोपनी तीन कठ्ठा बढीमा लगाइएको स्याउलगायतका फलफूलमा क्षति पुर्‍याएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका कृषि शाखा प्रमुख लोकेन्द्रसिंह धामीले जानकारी दिनुभयो । उहाँका अनुसार करिब एक सय ६९ भन्दा बढी स्याउ बोटमा क्षति पुगेको छ । स्थानीय मिङ्मर गुरुङको ४५ वटा स्याउका बोट र नर्सरी नष्ट भएको उहाँको भनाइ छ । बाढीले सबैभन्दा बढी स्थानीय कृषक कुङ्गा नमडुल गुरुङ, पेमा निङ्वो विष्ट र कर्म छोक्ले गुरुङको स्याउबारीमा रहेको स्याउ बोटमा क्षति पुगेको उहाँले बताउनुभयो । उनीहरूको रु ३५ देखि ५५ वटासम्म स्याउ बोटमा क्षति पुगेको उहाँको भनाइ छ । कृषि बाढीले स्याउलगायतका कृषि उत्पादन हुने खेतीयोग्य जमिनमा पनि ठूलो क्षति पुगेको छ । करिब सात हेक्टर जमिनमा सिँचाइ गरिने कागबेनी सिँचाइ कुलोमा क्षति पुगेको शाखा प्रमुख धामीले जानकारी दिनुभयो । गाउँलेले कागबेनी वारिपारि क्षेत्रको खेतीयोग्य जमिनमा सिञ्चित हुने तीनवटा कुलो बाढीले क्षति गरेको छ । उहाँका अनुसार ३६ रोपनी जग्गामा सिञ्चित गरिने सिँचाइ कुलोसमेत बाढीले बगाएको छ।

गाउँपालिकाले कृषकलाई अनुदानमा उपलब्ध गराएको खेतबारी जोत्ने नौवटा हाते ट्र्याक्टरसमेत बाढीले बगाएको उहाँ बताउनुहुन्छ । बाढीले स्याउका बोट, बगैँचा, विभिन्न कृषि उकरण र सिँचाइ कुलो बगाउँदा करिब रु एक करोड बढीको क्षति भएको धामीको भनाइ छ । उहाँ भन्नुहुन्छ, “यहाँका धेरै स्थानीयको मुख्य आयस्रोत स्याउ हो, बाढीले अधिकांश कृषकको स्याउ बगैँचामा ठूलो क्षति पुर्‍याएको छ, हामीले धेरै दिन लगाएर क्षति विवरण सङ्कलन गरेका छौँ, कोहीको बगैँचा बगाएको छ, कोहीको स्याउ र नास्पातीको बोट बगाएको छ, सिँचाइ कुलो बगाउँदा सयौँ रोपनी खेतीयोग्य जमिन बाँझो बस्ने अवस्था आएको छ।”

बाढीले कृषकको गोठ र पशुचौपाया पनि बगाएको छ । पशुचौपाया बगाउँदा करिब रु ५० लाख बढीको क्षति भएको बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका पशु शाखा प्रमुख समीक्षा कठायतले जानकारी दिनुभयो। बाढीले २३ गोठ, ३२ लुलुगाई, दुईवटा खसी र एउटा घोडा बगाएको प्रमुख कठायतले बताउनुभयो। यसबाट करिब रु ५० लाख बढीको नोक्सानी भएको उहाँको भनाइ छ । बाढीले नगद, सामान र संरचनामा मात्र रु ८१ करोड ८३ लाख २५ क्षति गरेको छ। सडक, मोटरेबल पुल, झोलुङ्गे पुल, गुम्बा, मन्दिर, धर्मशाला, सामुदायिक, वडा, प्रहरी चौकीको भवन, तटबन्धलगायत १४ वटा भौतिक पूर्वाधार गरी रु २१ करोड दुई लाख बराबरको क्षति भएको गाउँपालिकाले तयार गरेको तथ्याङ्कमा उल्लेख छ। पचास ५० घरमा रु ५२ करोड ८९ लाख ७५ हजार मूल्य बराबरको क्षति भएको छ भने बाइसवटा घर पूर्ण र पाँचवटा घरमा आंशिक क्षति भएको थियो।

# बागलुङमा लम्पी स्किनबाट तीन करोडको पशुधनमा क्षति

**पोखरापत्र संवाददाता**
बागलुङ, १० भदौं

‘लम्पी स्किन’ रोगको सङ्क्रमणबाट बागलुङमा झन्डै रु तीन करोड बढीको पशुधनमा क्षति पुगेको छ। यसबाट जिल्लामा पाँच हजार तीन सय ८६ गाईगोरु र भैँसी प्रभावित भएको र हालसम्म छ सय १७ पशुको मृत्यु भएको बताइएको छ।

रोगबाट क्षति हुने मुख्य पशुमा गाईगोरु रहेको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङले जनाएको छ । केन्द्रका अनुसार मृत्युको दुई दशमलव ६३ प्रतिशतमात्रै भैँसी रहेको तथ्याङ्क छ भने अन्य क्षति गाईगोरुमा देखिएको हो । केन्द्रले सङ्कलन गरेको तथ्याङ्क अनुसार स्थानीय गाईगोरु र भैँसीको करिब रु ३० देखि ४० हजार र उन्नत जातको रु एक लाखसम्मको मूल्य पर्ने भएकाले सरदरमा रु तीन करोडभन्दा बढीको पशुधनमा क्षति भएको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङका प्रमुख डा ऋषिराम सापकोटाले जानकारी दिनुभयो।

उहाँका अनुसार अमेरिकन स्वाइन फिबरबाट समेत बागलुङका बङ्गुरपालन किसानले लाखौँ नोक्सानी ब्यहोरेको बताउनुभयो।उहाँलेएकसय२२बङ्गुर मरेको तथ्याङ्क ल्याब परीक्षणबाट पुष्टि भए पनि किसानले चार सय बङ्गुर मरेको जनाउँदै आएको जानकारी दिनुभयो । बङ्गुरपालक किसानको नोक्सानी र पेसाबाट पलायन हुन थालेका प्रति विज्ञ केन्द्रले किसानलाई पुनःस्थापनका लागि चालु आर्थिक वर्षमा रु १६ लाख बजेट विनियोजन गरेको बताउनुभयो।

पाँच हजार पशुलाई लम्पी स्किनको खोप

जिल्लामा फैलँदो क्रममा रहेको लम्पी स्किन रोगबाट पशुलाई बचाउन खोप अभियानलाई प्रभावकारी बनाइएको छ । खोप लगाउने पशुको सङ्ख्या बढेपछि रोग नियन्त्रणउन्मुख भएको भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्र बागलुङले जनाएको छ।

जिल्लामा गोरुगाई र भैँसीमा फैलिरहेको लम्पी स्किन रोगबाट बचाउनका लागि निजी र स्थानीय तहले चालेको खोप अभियानमा भेटेरेनरी अस्पताल तथा विज्ञ केन्द्र बागलुङले समेत थप पाँच हजार खोप वितरण गरेको पशुप्राविधिक केशवप्रसाद शर्माले जानकारी दिनुभयो । “हालसम्म पाँच हजार पशुलाई खोप लगाइएको छ भने अझै एक हजार एक सय खोप लगाउने क्रम जारी रहेको छ, बडिगाड गाउँपालिका, काठेखोला गाउँपालिका, जैमिनी नगरपालिका र बागलुङ नगरपालिकाले आफैँ खरिद गरेर एक हजार एक सय खोप लगाइसकेका थिए, केही गाई फार्मले आफैँ खोप लगाएका थिए”, उहाँले भन्नुभयो, “भदौको मध्यतिर छ हजार पशुले खोप पाइसक्ने छन्, खोपका कारण अहिले लम्पी स्किन रोगको सङ्क्रमण र मृत्युदरसमेत घटेर गएको पाइएको छ। ”

भेटेरेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रले ढोरपाटन नगरपालिकामा पाँच सय ५०, गलकोट नपामा पाँच सय, निसीखोला गाउँपालिकामा पाँच सय, तमानखोलामा पाँच सय, बडिगाडमा चार सय, ताराखोलामा तीन सय, बरेङमा दुई सय, काठेखोलामा पाँच सय, बागलुङ नपामा पाँच सय २५ र जैमिनी नपामा पाँच सय डोज खोप वितरण गरिएको जनाएको छ। जसमध्ये एक हजार एक सय खोप लगाउने क्रममा रहेको र अन्य खोप भने पशुलाई लगाइसकेको छ।

लम्पी स्किनको सुरुआती चरणमा बडिगाडले एक सय २५, काठेखोलाले एक सय, बागलुङ नपाले चार सय २५ र जैमिनी नपाले चार सय ५० डोज खोप पालिकाकै खर्चले लगाइसकेका थिए । लम्पी स्किन रोगविरुद्धको खोप कार्यक्रमलाई तीव्रता दिएपछि रोग फैलिने क्रम कम भएको छ । जिल्लाको निसीखोला, ढोरपाटन र बडिगाडमा लम्पी स्किनबाट गाई तथा गोरु बढी प्रभावित बनेको तथ्याङ्क छ।

# सराङ्कोट सहकारीमा समिक्षा सहित सहकारी शिक्षा तालिम



**पोखरापत्र संवाददाता**
पोखरा १० भदौं

सराङ्गकोट बहुउद्देश्यीय सहकारी संस्थाको बार्षिक समिक्षा तथा सहकारी शिक्षा तालिम भएको छ।

सो तालिममा संस्थाका संचालक उपसमिति सलाहकार र कर्मचारीहरुको सहभागिता रहेको थियो। २०६३ मा स्थापित सहकारीले कास्की जिल्ला कार्यक्षेत्र भई शेयर सदस्यहरुको लागि बचत तथा ऋण र सामुदायिक रेडियो सराङ्गकोट संचालन गर्दै आएको छ । वर्तमान परिवेशमा सहकारीको भुमिका, शेयर सदस्य, संचालक कर्मचारीहरुको जिम्मेवार ी,कर्तव्य सहकारी ऐन नियम संम्वन्धमा राष्ट्रीय सहकारी बैंकका प्रबन्धक नरेश पाण्डे र सन्तोष घिमिरेले सहजीकरण गर्नु भएको थियो । संस्थाको हाल शेयर पुजी ७ करोड १३ लाख ऋण लगानी ५४ करोड ६० लाख कुल पुजी ६४ करोड र शेयर सदस्री ६२३ जना रहेको ब्यबस्थापक सुरेन्द्र थापाले बताए । बाषिर्क समिक्षामा संस्थाका सचीव कुल प्रसाद सुवेदी , कोषाध्यक्ष राममणि पौडेल.लेखा संयोजक शिव बहादुर वानिया,कर्जा संयोजक रमेश कुमार थापा ,असुली संयोजक माया कुमारी शर्मा ले संस्थागत प्रतीवेदना राखेको थिए। संस्थाका अध्यक्ष कृष्ण बहादुर थापाको सभापतित्वमा भएको कार्यक्रममा पुर्व अध्यक्ष सुशील राज पराजुली ,प्रेम बहादुर जि।सि सलाहकार सोभियत बहादुर अधिकारी ,डा।इन्द्रमान महर्जन ,उपाध्यक्ष वसन्त बहादुर वानिया लगायतले आ(आफ्नो धारणा राखेका थिए।

# स्थानीय निकायमा पशुपालन आयोजना सञ्चालन

**पोखरापत्र संवाददाता**
बागलुङ, १० भदौं

बागलुङका स्थानीय तहले चालु आर्थिक वर्षमा पशुपक्षी तथा मत्स्यपालनका क्षेत्रमा रु साढे चार करोड बजेट खर्च गर्ने भएका छन्। स्थानीय तह आफैँले बनाएका नीति तथा कार्यक्रमको कार्यान्वयन र सङ्घीय ससर्त अनुदान कार्यान्वयन गर्दा उक्त बजेट खर्च हुने भएको हो।

जिल्लाका १० स्थानीय तहले पशुपक्षी तथा मत्स्यपालनका क्षेत्रमा रु तीन करोड ४३ लाख ८८ हजार पाँच सय विनियोजन गरेका छन् । सङ्घीय सरकारले ससर्त अनुदान रु एक करोड दुई लाख ५८ हजार विनियोजन गरेको छ। जिल्लाभर स्थानीय र सङ्घीय सरकारले रु चार करोड ४६ लाख ४६ हजार पाँच सय खर्च गर्ने योजना रहेको भेटेरिनरी अस्पताल तथा पशुविज्ञ केन्द्रले जनाएको छ । विज्ञ केन्द्रले प्रदेश सरकारले विनियोजन गरेका कार्यक्रमको कार्यान्वयन गर्नेछ । जिल्लामा सबैभन्दा धेरै निसीखोला गाउँपालिकामा पशुपक्षी तथा मत्स्यपालनका क्षेत्रमा खर्च हुनेछ। निसीखोलामा रु ६२ लाख ५० हजार चालु आर्थिक वर्षमा खर्च हुने अनुमान छ । सङ्घीय ससर्त र स्थानीय विनियोजनसमेत गरेर गलकोट नगरपालिकामा रु ५९ लाख, बरेङ गाउँपालिकामा रु ५८ लाख, जैमिनी नगरपालिकामा रु ४३ लाख, बडिगाड गाउँपालिकामा रु ४२ लाख विनियोजन गरिएको छ । ढोरपाटन नगरपालिकामा रु ४१ लाख, तमानखोलामा रु ३१ लाख, काठेखोलामा रु ४३ लाख, ताराखोलामा र ३१ लाख र बागलुङ नगरपालिकामा रु ३३ लाखभन्दा धेरै बजेट विनियोजन गरिएको छ । प्रदेश सरकारले विभिन्न कार्यक्रममा रु चार करोड ५२ लाख खर्चिने योजना रहेको विज्ञ केन्द्रका प्रमुख डा ऋषिराम सापकोटाले बताउनुभयो । उपकरण खरिद, मर्मतलगायतका कामका लागि रु १४ लाख ९० हजार विनियोजन गरिएको छ। केन्द्रमार्फत जिल्लाभर कार्यक्रम सञ्चालन तथा प्रशासनिक खर्चका लागि रु चार करोड ३७ लाख १७ हजार विनियोजन गरिएको सापकोटाले बताउनुभयो। “कार्यक्रम र बजेटका हिसाबले यो वर्ष सुधारोन्मुख छ, तर सङ्क्रामक रोगका कारण पशुपक्षी तथा मत्स्यपालनका क्षेत्रमा जोखिम बढेको छ, उत्पादनमा क्षति हुने देखिन्छ”, उहाँले भन्नुभयो, “लम्पी स्कीन, स्वाइनफ्लु, कुखुरामा देखिएको भाइरसले उत्पादन घटाउँछ।” माछा, मासु, दूध र अण्डामा आत्मनिर्भर भइसकेको भए पनि पछिल्लो समय फैलिएको सङ्क्रमणका कारण उत्पादन घटेको सापकोटाले बताउनुभयो।

विज्ञ केन्द्रले पशुपछी तथा मत्स्यपालनका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्दा स्थानीय तहसँग समन्वय गर्ने र कार्यक्रम नदोहोर्‍याउने प्रयास भएको उहाँले बताउनुभयो। विनियोजित बजेटका विषयमा किसानले पनि चासो राख्न थालेका छन् । “किसानलाई दिने अनुदानका कार्यक्रम धेरै छन्, तर प्रक्रिया झन्झटिला छन्, वास्तविक किसान कहाँ सरकार पुग्दैन”, बागलुङ-३ का किसान गङ्गा थापाले भन्नुभयो, “कार्यक्रम कार्यान्वयनका प्रक्रिया सरलीकृत गर्नुपर्छ।” चालु आवमा जिल्लाभर सञ्चालन हुने योजना तथा कार्यक्रम उत्पादनमा आधारित र अनुदानमा केन्द्रित हुने विज्ञ केन्द्र प्रमुख सापकोटाले बताउनुभयो । बर्सेनि करोडौँ खर्चिने तर उपलब्धि नदेखिने परिपाटीको अन्त्य गरिने उहाँले बताउनुभया।


## नेपाल एसबिआई बैंक लिमिटेडको

### सृजनाचोक स्थित शाखा कार्यालयको स्थिर सम्पत्तिहरु (आन्तरिक सजावट सहित) बिक्री गर्ने सम्बन्धी १५ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान

यस नेपाल एसबिआई बैंक लिमिटेडको कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं ८, सृजनाचोक, स्थित शाखा कार्यालय अन्यत्र स्थानमा स्थानान्तरण हुन लागेको हुँदा तपसिलमा उल्लेखित पुराना सामान तथा स्थिर सम्पत्तिहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। उल्लेखित सामान तथा स्थिर सम्पत्तिहरु खरिद गर्न इच्छुक बैंक तथा वित्तीय संस्था, बीमा कम्पनी, सहकारी संस्था, व्यक्ति, कम्पनी वा फर्महरुले यस बैंकको सृजनाचोक शाखा कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राखी उक्त सामान तथा स्थिर सम्पत्तिहरुको विस्तृत विवरण बुझी यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र यस बैंकको सृजनाचोक शाखा कार्यालयमा गोप्य सिलबन्दी बोलपत्र/प्रस्ताव पेश गर्न हुन आव्हान गरिएको छ। यस बैंक समक्ष तोकिएको मिति भित्र प्राप्त बोलपत्रहरु मिति २०८० साल ०५ महिना ३१ गते दिनको ठिक १२ बजे खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन बिदा परेमा सोको भोलिपल्ट सोही समयमा खोलिने छ। सो समयमा बोलपत्रदाताहरुलाई समेत उपस्थित हुन सूचित गरिन्छ। बोलपत्र फारम यस बैंकको प्रधान कार्यालयको, सामान्य सेवा विभाग, कमलादी, काठमाडौँ र कास्की जिल्ला, पोखरा महानगरपालिका, वडा नं ८, सृजनाचोक, स्थित सृजनाचोक शाखा कार्यालय बाट लिन सकिनेछ।

**सम्पत्तिको विवरण** :
1. Furniture and fixtures (Wooden, Metal and other)
2. Electrical, network, communication and allied works
3. Office equipment
4. Computer and Accessories
5. Civil Construction
6. Other fixed assets/equipment

**नोट** : १) यस बैंकको सृजनाचोक शाखा कार्यालय रहेको तिन तल्ले भवन (क्षेत्रफल अन्दाजी ४५०० वर्ग फिट) तथा पार्किङ तथा स्टोर सहित घरधनीको मन्जुरीमा भाडामा लिन इच्छुक बोलपत्रकर्तालाई प्राथमिकता दिईनेछ।
२) सम्पत्तिको विस्तृत विवरण बोलपत्र फारमसँग प्राप्त गर्न सकिनेछ।

**शर्तहरु** :
- सम्पत्ति तथा मालसामानहरु कति मुल्यमा खरिद गर्न चाहेको हो सोको व्यहोरा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।
- बोलपत्र स्वीकृत भएका संस्था वा व्यक्तिले खरिद गरिने सम्पत्ति प्राप्तिको लागि बोलपत्रमा उल्लेखित रकम प्रस्ताव स्वीकृत भएको सूचना पाएको मितिले ७ दिन भित्र यस बैंकको बैंक खातामा जम्मा गरिसक्नु पर्नेछ ।
- बोलपत्रदाता व्यक्ति भएमा बोलपत्रकासाथ नागरिकता तथा परिचय खुल्ने फोटो सतिको प्रमाणपत्रको प्रतिलिपी र कम्पनी, फर्म, वा संस्था भएमा अद्यावधिक सहितको दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायि लेखा प्रमाणपत्रका प्रतिलिपी, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी र आधिकारिक व्यक्तिको नागरिकताको प्रतिलिपी समेत संलग्न गरी बोलपत्र पेश गर्नुपर्नेछ।
- प्राप्त बोलपत्र/प्रस्तावहरु कारण देखाइ वा नदेखाइ पुर्ण वा आंशिक रुपमा स्वीकृत वा अस्वीकृत गर्ने वा प्राप्त प्रस्ताव उपर पुनः नेगोसिएसन एवम् वार्ता गर्ने सर्वाधिकार यस बैंकमा सुरक्षित रहनेछ।
- बोलपत्र स्वीकृत भएको अवस्थामा लिलाम बिक्रिबाट खरिद गरिएको सम्पत्ति खरिदकर्ताले लिएर जान चाहेको अवस्थामा आफ्नै खर्चमा स्थानान्तरण गर्नुपर्नेछ।

**नेपाल एसबिआई बैंक लिमिटेड**
**सामान्य सेवा विभाग, कमलादी, काठमाडौँ**
**फोन नं. ०१-४४३५६१३**

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
THE MOST PREFERRED BANK FOR A TRANSFORMING NEPAL